आज मिति २०८० साल चैत्र २३ गते शुक्रबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ३० औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |

| | | | |
|---|---|---|---|
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | (हस्ताक्षर) |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | (हस्ताक्षर) |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | (हस्ताक्षर) |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | (हस्ताक्षर) |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | (हस्ताक्षर) |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | (हस्ताक्षर) |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | (हस्ताक्षर) |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | (हस्ताक्षर) |
| | सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | श्री हरि बहादुर भुजेल | (हस्ताक्षर) |

Shagun

CamScanner

जैमिनी नगर कार्यपालिकाको	बैठक संख्या ३०

## कार्यपालिका बैठकका कार्यसूची

**मिति २०८०।१२।२३ गते**

१. गत बैठकको समिक्षा ।

२. हाल सम्मको आय व्यय सार्वजनिक ।

३. योजनाहरुको फरफराक सम्बन्धमा ।

४. विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यान्वयन निर्देशिका,२०८० सम्बन्धमा ।

५. जैमिनी नगर खेदकूद विकास कार्यविधि,२०८० सम्बन्धमा ।

६. टोल विकास समिति गठन सम्बन्धी कार्यविधि,२०८० सम्बन्धमा ।

७. लिफ्टिङ खानेपानी आयोजनाहरुको मर्मत सम्भार सम्बन्धी ।

८. प्रदेश सरकारसँग समपुरक र विशेष योजना माग गर्ने सम्बन्धमा ।

९. मुख्य सडक मर्मत र अधुरा योजना पुरा गर्ने सम्बन्धमा ।

१०. विविध ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

जैमिनी नगर कार्यपालिकाको  बैठक संख्या ३०

## निर्णयहरु

### निर्णय नं १

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

### निर्णय नं २

पालिकाको हाल सम्मको आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराइयो । उपरोक्तानुसार प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट हाल सम्म विभिन्न मितिमा भएका आयोजना तथा कार्यक्रम र प्रशासनिक खर्च तर्फका कार्यक्रम खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

### निर्णय नं ३

आर्थिक बर्ष २०८०।०८१ तर्फका निम्नानुसारका योजनाको सम्बन्धमा नगर स्तरीय अनुगमन समितिले पेश गरेको अनुमोदन प्रतिवेदन सहित हाल सम्म योजना फरफारक अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं ४

नगरपालिकाका विधालयहरुको शिक्षक विधार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा विधालय समायोजन गर्नका लागि पेश भएको विधालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका, २०८० छलफल प्राप्त सुझाव समेत समावेश गरि स्वीकृत गर्ने निर्णय गरियो ।

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## निर्णय नं ५

नगरपालिका भित्रको कला, संस्कृति र खेलकूद विकास प्रतिष्ठा वृद्दिमा लगाएतका तपशिलका उदेश्यका लागि नगर खेलकुद विकास समिति गठन गर्ने उदेश्यले जैमिनी नगर खेदकूद विकास कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

क) नगर क्षेत्र भित्रको कला, संस्कृति र खेलकुदको विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने,
ख) नगर क्षेत्र भित्रको खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा संवद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,
ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाज प्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान्, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने,
घ) टोल ,गल्ली चोक र सडकलाई स्वच्छ र सफा राख्न खेलकुद संघ, संस्थालाई परिचालन गर्ने,
ङ) खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने,
च) खेलकुदमा महिला सहभागिता अभिवृद्ध गर्न प्रोत्साहन गर्ने,
छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघ, संस्था, विधालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,
ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुप मा विकास गर्दै लैजाने,
झ) बौद्धिक श्रम गर्ने विधार्थी, शिक्षक, बुद्धिजिविहरुलाई समेत शारीरिक व्यायाम, खेलकुद व्यवस्था गर्न सहयोग पुर्याउने,
ञ) नगर क्षेत्र भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,
ट) टिम, क्लब, संघ, संस्था, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने, गराउने,
ठ) नगर क्षेत्र भित्रका शैक्षिक संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहित गर्ने,
ड) नगर खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गराउने

## निर्णय नं ६

जैमिनी नगरपालिकाको समग्र सन्तुलित विकास तथा समृद्दिका लागि नगरका विभिन्न टोल वस्ती तथा क्षेत्रका बसोबास गर्ने वासिन्दाहरु बीच सदभाव भाईचारा र एकता कायम गरी नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुमा टोल बासीलाई

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

Shagun

CamScanner

जागरुक सचेत एंव सहभागी बनाउन र अपनत्व एंव जिम्मेबारीको भावनाको विकास गराई टोल एंव नागरको समग्र विकास गर्नको लागि टोल विकास संस्था गठन गर्न आवश्यक देखिएकोले जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी टोल विकास संस्था गठन, सञ्चलान तथा परिचालन सम्बन्धी निर्देशिका, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ७

पानीको मुहान भन्दा माथी रहेका वस्तीहरुमा खानेपानीको सेवा सुविधा दिदै आएका लिफ्टिङ खानेपानी आयोजनाहरुमा प्रयोग हुने मोटर लगाएतका सामाग्री चटांङ विपद् र विविध कारणबाट क्षति पुग्न गएकाले त्यस्ता आयोजनाको मर्मत सम्भार तथा नयाँ मोटर जडान गरि खानेपानीको सुनिश्चिता गर्नु पर्ने भएकाले आवश्यक बजेट सम्बन्धित आयोजनाहरु सगँ लगत ईस्टिमेट अनुसार मर्मत सम्भार र नयाँ मोटर जडान गर्ने सम्बन्धित आयोजनाका खानेपानी उपभोक्ता समितिहरुसँग लागत साझेदारी ( ९० प्रतिशत नगरपालिकाको र १० प्रतिशत लाभग्राही समितिहरुको) हुने गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क स | आयोजनाको नाम | विनियोजन शिर्षक | कैफियत |
|---|---|---|---|
| १ | जिमिरे मुलाबारी सोलार लिफ्टिङ वडा नं ५ | सरकारी गैरसरकारी सार्वजनिक निजी र अन्तरस्थानीय तह साझेदारी कार्यक्रम | |
| २ | रातामाटा बुर्म लिफ्टङ वडा नं ४ | ,, | |
| ३ | कालधारा गौडा लिफ्टङ वडा नं २ | ,, | |
| ४ | बाघखोर खानेपानी लिफ्टिङ वडा नं ३ | ,, | |

हरि वहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय जैमिनी नगरपालिका कुसेसेरा, बागलुङ २०७३

## निर्णय नं ८

आर्थिक बर्ष २०८१/०८२ का लागि गण्डकी प्रदेश सरकार सँग समपुरक तथा विशेष अनुदानका माग गरि पठाउने निर्णय गरियो ।

| विशेष अनुदान तर्फ | | | |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण वडा नं ३ जैमिनी न पा | रु.३००००००० । | नयाँ |
| २ | वडा कार्यालय भवन निर्माण वडा नं ९ जैमिनी न पा | रु.३००००००० । | नयाँ |
| **समपुरक अनुदान तर्फ** | | | |
| १ | न्वारढिक धुल्लु विहारथला हाडिकोट सडक | ५३१०१२०४९ । | क्रमागत |
| २ | जैमिनी चक्रपथ | रु.२०६०३८९६२२ । | नयाँ |

## निर्णय नं ९

मिति २०८०।११।१३ गतेका दिन बसेको जैमिनी नगरपालिका पुर्वाधार विकास समितिको वैठकको निर्णयानुसार निम्नानुसारका मुख्य सडक मर्मत र अधुरा योजना पुरा गर्ने आवश्यक वजेट विनियोजन गरि खर्च गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | बजेट रु | खर्च शिर्षक |
|---|---|---|---|
| १ | दरिवास गुरुङडाँडा सडक जैमिनी १० | रु.१००००० । | नगर स्तरका मुख्य सडक मर्मत सुधार |
| २ | दुर्लेबेसी खेल मैदान जाने सडक मर्मत | रु.१३०००० । | ,, |
| ३ | छिस्ति धुसेनी कृषि सडक मर्मत | रु.१३५००० । | ,, |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

CamScanner

| | | | |
|---|---|---|---|
| ४ | पैरेनीघाट कालापातल जोड्ने सडक जैमिनी ३ | रु.२०००००। | समपुरक कोष |
| ५ | किटेनी नेवारे सडक जैमिनी १० | रु.३५०००। | समपुरक कोष |

निर्णय नं १०

जैमिनी नगरपालिकाको लिड स्कुल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० को परिच्छेद ५ को दफा १२ बमोजिम जैमिनी नगर शिक्षा समितिको मिति २०८०।०२।२१ को बैठकको निर्णयानुसार छनोट भएको लिड स्कुल श्री सर्वोदयजनक माध्यमिक विद्यालय जैमिनी नगरपालिका वडा नं. ५ विनामारेको छनोट कार्य अनुमोदन गरि विकास र संचालनका लागि कुल लागतको कम्तीमा ३० प्रतिशत रकम प्रदेश सरकार सँग साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं ११

क. यस नगरपालिकालाई नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्टस् गण्डकी प्रदेश पोखराको चलानी नं २२०।०८०।०८१ को मिति २०८०।१२।२२ को पत्रानुसार गण्डकी प्रदेश उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रवर्द्दनमा पर्यटकीय गन्तब्य पहिचान र सरोकारवाला बीच अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न भनी अनुरोध भई आएकोमा यस पालिका स्थानीय सहजकर्ताको रुपमा रहि यस पालिकाको गन्तब्य पहिचान र अन्तरक्रिया कार्यक्रम मिति २०८०।१२।२५ गते कुश्मिसेरा बजारमा आयोजना गर्ने साथै जैमिनी धाम ,थन्थाप भगवती, रिठ्ठेडाँडा शंखेपहरा लगाएतका पर्यटकीय स्थलको अवलोकन गराई पर्यटकीय सम्भावनाको प्रचार प्रसार समेत गराउने निर्णय गरियो ।

ख. वडा नं १० को निर्णयानुसार वडागत फुटकर योजना तर्फ निम्नानुसारका योजनामाका बजेट विनियोजन गरि कार्यान्वयन गर्ने निर्णय अनुमोदन गरियो ।

| क स | योजनाको नाम | बजेट रु |
|---|---|---|

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १ | ढाँणसोर बैदारटोल मोटरबाटो | रु १०००००। |
| २ | जनता मा वि पाही ठूलापाटा बालमैत्री पदमार्ग | रु ५००००। |
| ३ | धन चीना प्रा विको गेट निर्माण | रु ६००००। |

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत